म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३१८ आइतबार, १५ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 29 June 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बिडारीलाई ईन्द्रबहादुर श्रेष्ठ स्मृति मानवअधिकार सम्मान

हेटौंडा, १४ असार/बरिष्ठ अधिवक्ता, संबिधानसभा सदस्य एवम् पूर्वराष्ट्रियसभा सदस्य रामनारायण बिडारीलाई ईन्द्रबहादुर श्रेष्ठ स्मृति मानवअधिकार संरक्षण सम्मान-२०८२ द्वारा सम्मानित गरिएको छ ।

एमनेष्टी इन्टरनेसनल नेपाल समूह ६७ हेटौंडाले समूहको संस्थापक अध्यक्षको स्मृतिमा स्थापना गरेको सम्मानबाट बिडारीलाई नगद १० हजार रुपैयाँसहित सम्मान गरेको हो । एमनेष्टी समूह ६७ हेटौंडाको शनिबार भएको २६ औं बार्षिक साधारणसभाको अवसरमा बिडारीलाई यो सम्मानद्वारा सम्मानित गरिएको हो । बिडारीलाई ४ दशक भन्दा बढी समय मानवअधिकारको संरक्षणमा योगदान पुऱ्याएबापत सम्मानित गरिएको एमनेष्टी समूह ६७ का संयोजक प्रकाश ढकालले बताए ।

### मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको पाँचौ वार्षिकोत्सव

# नाम जुन नेताको राखेपनि काम जनताको गर्नुपर्छः मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले संघीयतापछि स्वास्थ्यक्षेत्रमा उल्लेख्य सुधार आएको बताएका छन् ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको पाँचौ वार्षिकोत्सवको अवसरमा शनिबार हेटौंडामा आयोजित कार्यक्रममा मुख्यमन्त्री लामाले एकल अधिकारको रुपमा प्रदेश सरकारले स्वास्थ्यक्षेत्रमा काम गरिरहेको बताए । 'प्रदेशको १३ वटा प्रादेशिक अस्पताल सुधारोन्मुख भएर अगाडि बढेको छ' उनले भने । प्रतिष्ठानको कुलपति समेत रहेका मुख्यमन्त्री लामाले विगतमा संघ सरकारको मातहातमा रहेका अस्पताल अहिले डाक्टर, नर्स उत्पादन गर्ने थलोमा परिणत भएको बताए ।



'हेटौंडा अस्पतालको ३ सय बेडको भवनबाट सेवा सुचारु गर्ने प्रक्रिया अन्तिमचरणमा रहेको छ' मुख्यमन्त्री लामाले भने, 'बाहिरी जिल्लाका बिरामीको पनि सहजै स्वास्थ्यसेवामा पहुँच पुग्नु गौरवको विषय हो ।' राजनीतिक दलका नेताको नाम राख्दैमा अनावश्यक विवाद गर्न नहुने उनको भनाई छ । नाम जुनसुकै नेताको राखेपनि काम सबै जनताको गर्नुपर्ने मुख्यमन्त्री लामाले बताए । मुख्यमन्त्री लामाले प्रतिष्ठान र हेटौंडा अस्पतालको सम्बन्ध कुनै पनि द्विविधा नरहेको जिकिर गरे । विगतमा रहेका द्विविधालाई ऐन कानुनमार्फत हल गरिएको उनले बताए ।

मुख्यमन्त्री लामाले प्रतिष्ठानलाई आफ्नो गतिविधि अगाडि बढाउन प्रदेश सरकारले बजेटको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरे । मुख्यमन्त्री लामाले प्रतिष्ठानबाट उत्पादन भएका जनशक्तिले प्रदेशको गौरव देशमै उँचो हुनेगरी काम गर्नुपर्नेमा जोड दिए । देशको दुर्गमक्षेत्रमा आफ्नो कला र कौशलता देखाउन उनले आग्रह गरेका छन् । मुख्यमन्त्री लामाले लोकतन्त्र र प्रजातन्त्र आएपछि डाक्टर पढ्न विदेश जानुपर्ने अवस्थाको अन्त्य भएको बताए । देशको सबै क्षेत्रमा निजीक्षेत्रको सहभागिता प्रतिष्ठान, विश्वविद्यालय मार्फत डाक्टर, इन्जिनियर उत्पादन हुन थालेको उनको धारणा छ ।

सरकारी विद्यालयमा पढेका विद्यार्थीमात्र उच्चओहोदामा पुगेको उनको दाबी छ । मुख्यमन्त्री लामाले आफूले विगतमा डेढदुई घण्टा हिँडेर चकटीमा बसेर पढेको उदाहरण दिँदै वर्तमानमा गरिएको दुःख भविष्यको लागि मार्गदर्शक बन्ने बताए ।

*बाँकी पृष्ठ-४....*

### मकवानपुरका पत्रकारसँग प्रेस काउन्सिल सदस्य सन्तराम बिडारीः

# 'गुनको आधारमा सहयोग, दोषको आधारमा खबरदारी गर्नुस'

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ प्रेस काउन्सिल नेपालका सदस्य सन्तराम बिडारीले मकवानपुरका सञ्चारकर्मीसँग पत्रकारिताक्षेत्रको अवस्था, चुनौती, सुधार र समन्वयका विषयमा गहन छलफल गरेका छन् ।

हेटौंडा-४ को भूंग्रो रेस्टुरेन्टमा भएको छलफलमा नेपाल पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारु मगर, पत्रकार एवम् राजनीतिकर्मी देवराज रिमाल, नेपाल पत्रकार महासंघ मकवानपुर उपाध्यक्ष ध्रुव अधिकारी, सहसचिव शिव चौलागाई, कोषाध्यक्ष प्रदीप अधिकारी, प्रेस चौतारीका केन्द्रीय सदस्य पुष्पराज अधिकारी, प्रेस चौतारी बागमती प्रदेश महासचिव प्रकाश दाहाल, प्रेस चौतारी मकवानपुर अध्यक्ष सरिता दाहाल सहित विभिन्न सञ्चारकर्मीको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागी पत्रकारले वर्गीकरण प्रक्रिया ढिलो हुनु, प्रत्येक वर्ष झन्झटिलो ढंगमा कागजात बुझाउनुपर्ने बाध्यता, डिजिटल प्रणालीको अभाव, मापदण्डको अव्यवहारिकता, खण्डन पत्रसम्बन्धी गलत अभ्यास र स्थानीय विज्ञापन सुनिश्चितताजस्ता विषयमा स्पष्ट प्रश्न र सुझाव प्रस्तुत गरे । नेपाल पत्रकार महासघ मकवानपुरका उपाध्यक्ष अधिकारीले वर्गीकरणको नतिजा ढिलाइ हुनु र प्रक्रिया सहज नहुनु पत्रकारिता अभ्यासमै अवरोध भएको बताए । बागमती प्रदेश अध्यक्ष मगरले काउन्सिल दरो नभएसम्म सम्पूर्ण पत्रकारिताक्षेत्र कमजोर बन्ने बताए । 'नागरिक पत्रकारिता र व्यावसायिक पत्रकारिता फरक हो भन्ने बुझ्न जरुरी छ' उनले भने, 'वर्गीकरण पनि सोही आधारमा हुनु आवश्यक छ ।'

खण्डनपत्र आउँदैमा खबर तुरुन्तै खण्डन गर्नुपर्ने दबाब गलत भएको भन्दै प्रेस काउन्सिलले डिजिटल युगअनुसार आफूलाई सुधार गर्नुपर्ने धारणा राखेका छन् । चौतारीका केन्द्रीय सदस्य अधिकारीले पत्रकारको मापदण्ड व्यवहारिक हुनुपर्ने बताए । चौतारीकी जिल्ला अध्यक्ष दाहालले मकवानपुरमै जन्मिएका सन्तराम बिडारीलाई जिल्लाको पत्रकारिता क्षेत्रमा 'अभिभावक'को भूमिकामा अग्रसर हुन आग्रह गरिन् । पत्रकार देवराज पन्तले मकवानपुरका उद्योगकलकार खानाबाट जिल्लाकै सञ्चारमाध्यमलाई प्राथमिकता दिँदै विज्ञापन सुनिश्चित गरिनुपर्ने माग राखेका थिए ।

पत्रकारको जिज्ञासाको जवाफ दिँदै बिडारीले प्रेस काउन्सिलले अब तथ्य र प्रमाणका आधारमा मात्र निर्णय लिने, ठाडो उजुरी आएमा पनि अनुसन्धानपछि मात्र पत्र काटिने, वर्गीकरण प्रक्रिया सजिलो बनाउन डिजिटल प्रणालीमा जान लागिएको र मापदण्ड प्रदेशअनुकूल व्यवहारिक बनाउने योजना अघि सारिएको स्पष्ट पारे ।

उनले खण्डन समाचारको गलत अभ्यास सच्याउने, विज्ञापन स्रोत जिल्लामै सुनिश्चित गर्न नीतिगत पहल गर्ने र मकवानपुरको सन्तानको नाताले जिल्लाका पत्रकारिता हितमा सधैँ साथ रहने प्रतिबद्धता जनाए । छलफलमा पत्रकारबाट उठाइएका जिज्ञासा गम्भीर, व्यावहारिक र सुधारमुखी रहेको उल्लेख गर्दै बिडारीले सबै सुझाव संकलन गरी केन्द्रीय तहमा छलफलका लागि लैजाने बताए ।



साझाकुरा

## हाम्रो कुरा

# ई-चलानको मर्म

नेपालको सार्वजनिक यातायात क्षेत्रमा जरिवानालाई महत्वकासाथ हेरिन्छ । मापसे गरी यात्रुबाहक सावारी चलाउने चालकलाई जरिवाना तिराएर छोड्ने गरिएको छ । जरिवाना तिराउँदैमा दुर्घटना नहुने होइन होला । तत्कालै मापसे गरेका सवारी चालकलाई मापसेको नशा नउत्रेसम्म सवारी चलाउन दिनुहुँदैनथ्यो तर, ट्राफिकले जरिवाना तिराएर छोड्ने गरेका छ । यो प्रक्रिया बैज्ञानिक भएन । जरिवाना पनि तिराउने र नशा नउत्रेसम्म अर्थात २४ घण्टा निगरानीमा राख्ने प्रणालीको किकास गर्नु जरुरी छ । पछिल्ला वर्षमा देशका अधिकांश जिल्लामा ई-चलानमार्फत अपेक्षितरुपमा राजस्व संकलन हुन सकेको छैन । चालु आर्थिक वर्ष २०८१/८२ को पुसदेखि जेठसम्मको ६ महिनामा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले २९ लाख १० हजार ५ सय ४५ रुपैयाँको ई-चलान काटेपनि ५ लाख ५९ हजार ५२ रुपैयाँ मात्र राजस्व संकलन गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर का अनुसार २३ लाख ५१ हजार ४ सय ९३ रुपैयाँ राजस्व अझै असुल हुन बाँकी छ । यो अवधिमा ट्राफिक नियम उल्लंघन गर्ने ३ हजार २ सय ७१ सवारी चालकमध्ये केवल ६ सय ५२ जनाले मात्र तोकिएको जरिवाना तिरेको कार्यालयले जनाएको छ ।

सवारीचालकमा डिजिटल प्रणालीमार्फत् भुक्तानीमा चासो नहुनु र राजस्व दाखिला नगर्दा कुनैपनि असर नपर्ने सोचका कारण डिजिटल राजस्व संकलन चुनौतीपूर्ण बन्दै गएको छ । मकवानपुरमा ई-चलानमार्फत् सबैभन्दा कम राजस्व पुस महिनामा संकलन भएको छ । पुस महिनामा २ सय ६६ जना सवारीचालकमाथि कार बाही हुँदा ६२ जनाले ४९ हजार ५ सय २ रुपैयाँ जरिवाना तिरेका छन् । गत जेठ महिनामा सबैभन्दा धेरै ७ सय ९ जनामाथि कारबाही हुँदा १ सय ५१ जनाबाट १ लाख ३२ हजार ५ सय २० रुपैयाँ राजस्व संकलन भएको छ । बागमती प्रदेश सरकारले डिजिटल चिट काटेर जरिवाना नतिर्ने सवारीचालकको लाइसेन्स नवीकरणमा रोक लगाउने तयारी थालेको छ । डिजिटल चिट काट्ने तर, जरिवाना नतिरी उम्कने सवारीचालकमाथि कडाइ गर्न बागमती प्रदेश सरकारले यस्तो तयारी थालेको हो । यातायात व्यवस्था कार्यालय हेटौंडाले लामो समयसम्म ई-चलानको जरिवाना नतिर्ने सवारीचालकको लाइसेन्स नवीकरणमा रोक लगाउने प्रणाली लागू गर्ने तयारी भइरहेको बताएको छ । राजस्व नतिर्ने प्रवृत्ति बढ्दै गएकाले कानुनी कारबाही गर्ने प्रदेश सर कारको तयारी रहेको हो । यस्तो कारबाहीमा जरिवाना नतिर्ने सवारीचालकलाई दोब्बर जरिवाना तिराउनेदेखि सवारीचालक अनुमतिपत्र नवीकरण हुन नदिनेसम्मका व्यवस्था गर्न सकिने कार्यालयको भनाइ छ । सेवाग्राहीको सहजताका लागि बागमती प्रदेशले नयाँनयाँ प्रविधि लन्च गरिरहेको छ । अहिले ट्राफिक नियम उल्लंघन गर्ने सवारीचालकले विभिन्न पेमेन्ट गेटवेबाट तुरुन्तै जरिवाना तिर्ने प्रणालीको विकास भइसकेको छ । यति सुविधा हुँदाहुँदै पनि पेमेन्ट नगरी उम्कने प्रयास गर्नु त्यति राम्रो होइन । किनभने भोलि राज्यले पेमेन्ट नगरेको सन्दर्भमा लाइसेन्स नै नवीकरण नहुन सक्ने व्यवस्था गर्नसक्छ । त्यसैगरी दोब्बर जरिवाना तिराउने पनि गर्नसक्छ ।

आफूले गरेको ट्राफिक नियम उल्लंघनमा लगाइएको जरिवाना त्यो पेमेन्ट गेटवेको माध्यमबाट छिट्टै तिर्नु नै राम्रो हुन्छ । किनभने भोलि आउने झन्झटका विषयमा हामी आज नै सजग हुनुपर्छ । नागरिक एपमार्फत् सवारीचालक्ले आफ्नो लाइसेन्स जानकारी हेर्ने, ट्राफिक नियम उल्लंघनबारे सूचना प्राप्त गर्ने, अनलाइन कक्षा लिने र जरिवाना तिर्ने सुविधा उपलब्ध गराइए पनि अपेक्षाकृतरुपमा सेवा प्रयोग न्युन देखिएको छ । यातायात कार्यालय धाउनुपर्ने झन्झट अन्त्य गर्ने मुख्य लक्ष्य बोकेको प्रणालीले व्यवहारमा सरकारी राजस्व संकलनमा ठोस परिणाम दिन नसकेको बताइएको छ । पछिल्लो समय विभिन्न जिल्लाबाट प्राप्त विवरणले समयमै ई-चलान जरिवाना नतिर्नेहरुको संख्या उच्च रहेको देखाउँछ । सवारीचालकलाई ट्राफिक नियम उल्लंघनको सजायस्वरुप सहज डिजिटल माध्यमबाट जरिवाना तिर्न व्यवस्था मिलाउने उद्देश्यले सरकारले लागू गरेको ई-चलान (डिजिटल चिट) प्रणाली प्रभावहीन देखिएको हो । सवारी लाइसेन्स छपाइमा देखिएको समस्याको अन्त्य गर्नुका साथै सवारी नियम उल्लंघन गर्दा हुने झन्झटसमेत हट्ने भन्दै सरकारले देशभरका ७० जिल्लामा नागरिक एपमार्फत ईचलानको शुभारम्भ गरेको थियो ।

# बृहत् इजलास गठन : कानूनी प्रक्रिया कि शक्तिको अभ्यास ?



✍ सुलभ खरेल

अदालतको क्षेत्राधिकार मुद्दाको सुनुवाइको सबैभन्दा महत्वपूर्ण तथा पूर्वशर्त हो । क्षेत्राधिकारविहीन आदेश/फैसलाको वा कारबाहीको कुनै कानूनी अस्तित्व हुँदैन त्यसैले त्यस्ता काम-कारबाहीलाई कानूनी दृष्टिमा शून्य मानिन्छ । सबैभन्दा पहिलो प्रश्न नै अदालतको निम्ति क्षेत्राधिकारको हुन्छ । आफ्नो क्षेत्राधिकार छ कि छैन भन्ने प्रश्न निरुपण गर्दा 'प्रतिवादी' उपर व्यक्तिगत क्षेत्राधिकार छ कि छैन भनी अदालतले पहिले हेर्ने गर्छ । तर, मुद्दा दर्ता गर्ने 'वादी' पक्ष माथि अदालतको क्षेत्राधिकार छ वा छैन भनी कहिल्यै हेरिंदैन किनभने वादीले मुद्दा हाल्दा नै अदालतको व्यक्तिगत क्षेत्राधिकारको विषयमा सहमति दिएको मानिन्छ । अदालतले प्रतिवादी आफ्नो व्यक्तिगत क्षेत्राधिकार मातहत छ भनी यकिन गरिसके पश्चात् पनि क्षेत्राधिकार को विषय त्यहीं टुंगिंदैन । त्यसैसँगै आउँछ, अदालतको विषयवस्तुको क्षेत्राधिकार । प्रतिवादी उपर अदालतको/कानूनको हात पुग्न सके पनि स्वयम् अदालत सो विषयमा फैसला, आदेश वा मुद्दाको प्रक्रिया अगाडि बढाउन पनि असमर्थ हुन सक्छ ।

जस्तो विशेष अदालतको व्यक्तिगत क्षेत्राधिकार देशैभरि रहेका प्रतिवादीउपर हुनसक्छ तर पनि त्यो अदालतले अपहरण वा ज्यानमाराको मुद्दा हेर्न सक्दैन किनभने विशेष अदालत ऐनले नै कुन-कुन मुद्दा हेर्ने भनी तोकेको पाइन्छ (दफा ३) । अर्थात् सामान्यतया विशेष अदालतसँग भ्रष्टाचारजन्य कसुरबाहेक अन्य विषयमा विषयगत क्षेत्राधिकार छैन । 'अब विषयगत अदालतले प्रयोग गर्ने हो या इजलासले ?' भन्ने पनि महत्त्वपूर्ण प्रश्न त्यसैसँग आउँछ । अदालतसँग विषयगत क्षेत्राधिकार छ भन्दैमा मात्रै पनि भएन अदालतको 'सम्बन्धित' इजलासको क्षेत्राधिकारले हुनुपर्छ । होइन भने त्यस्तो काम-कारबाही पनि कानूनी शून्यता हुन्छ । जस्तो नेपालको संविधानको धारा १३३ को क्षेत्राधिकार र धारा १३७ बमोजिमको क्षेत्राधिकार 'सर्वोच्च अदालत'कै क्षेत्राधिकार भए पनि संवैधानिक इजलास र अन्य इजलासको विषयगत क्षेत्राधिकार फरक नै मानिन्छ । सर्वोच्च अदालतको एकल इजलास, संयुक्त इजलास, पूर्ण इजलास वा बृहत् पूर्ण इजलासमा कति न्यायाधीश बस्नुपर्छ तथा सोको क्षेत्राधिकार कति हुने भन्ने कुरा सर्वोच्च अदालत नियमावलीमा नै उल्लेख र उक्त नियमावली सर्वोच्च अदालत ऐनको प्रत्यायोजित विधायन अन्तर्गत बनेको हो ।

अब कुरा गरौं, गत बुधबार विशेष अदालतका सबै सदस्य (न्यायाधीश) सम्मिलित इजलासबाट भएको अदालतको अवहेलना सम्बन्धी सुनुवाइको विषयगत क्षेत्राधिकारको । 'विशेष अदालतमा बिचौलियाको चलखेल हटेन, सेटिङका मुद्दामा तीन महिनामै सफाइ' भनी दृष्टि अनलाइनले छापेको समाचारको विषयलाई प्रतिवेदन उठान गरी अदालतको अवहेलनामा कारबाही प्रारम्भ भएको रहेछ । अदालतका सबै सदस्य (न्यायाधीश)हरूले एउटै इजलास गठन गरी प्रतिवादीउपर म्याद तामेल तथा बयानको निम्ति उपस्थित हुनु भनी आदेश भएको रहेछ ।

विशेष अदालतको क्षेत्राधिकार नै तीन जना सदस्यमा रहने इजलास हुने भनी विशेष अदालत ऐनको दफा ३(१क) मा उल्लेख गरिएको छ । विशेष अदालत ऐन बमोजिम विशेष अदालत गठन हुँदा साविकमा ३ सदस्य मात्रै रहने गरी अदालतको स्थापना गरिएको थियो तर मुद्दाको चाप बढ्दै गएपश्चात् मिति २०६४/०५/१९ गते विशेष अदालत ऐनको दफा ३ मा संशोधन गरी 'तीन सदस्य भएको' को सट्टा 'आवश्यक सदस्य रहेको' विशेष इजलास गठन गर्न सकिने व्यवस्था भयो । सोही ऐनमा उपदफा ३(१क) थप गरी यदि तीनभन्दा बढी सदस्य रहेको विशेष अदालत गठन गरिएकोमा 'प्रत्येक इजलासमा तीन सदस्य रहने गरी इजलास कायम गरिनेछ' भनी व्यवस्था गरिएको थियो ।

यसको सोझो अर्थ के हो भने, विशेष अदालतले आफ्नो क्षेत्राधिकार प्रयोग गर्दै गर्दा ३ जना न्यायाधीशभन्दा बढी न्यायाधीश सम्मिलित इजलास गठन गर्न सक्दैन । सो भएमा सो इजलास क्षेत्राधिकारविहीन रहन्छ र सो क्षेत्राधिकारविहीन इजलासबाट हुने कुनै कामकार बाही नै वैध हुँदैन । हाल उक्त अनलाइनको अवहेलना प्रतिवेदन सुनुवाइको निम्ति गैर-कानूनी रूपमा कानूनले नचिनेको ६ सदस्य रहेको इजलास कसरी गठन भयो भन्ने प्रश्नले मलाई साह्रै असहज महसुस गराइराखेको छ ? यदि ऐनले ६ सदस्य रहने इजलास गठन गर्ने परिकल्पना गर्थ्यो भने सोही ऐनको दफा ६ अन्तर्गत न्यायाधीशहरूको रायबाझी भएमा (मानौं ३-३ न्यायाधीशका दुई फरक राय आएमा) कुन राय निर्णय हुने कुरा उल्लेख हुन्थ्यो कि हुँदैनथ्यो होला ? जसरी अहिले ३ न्यायाधीशको रायबाझी भएमा के गर्ने भनेर सोही दफामा उल्लेख गरिएको छ ।

अदालतको अवहेलनाको प्रतिवेदनमा स्वयम् अदालतले आफैंले आफ्नो कार्यविधि निर्धारण गर्न पनि त सक्छ नि भन्ने तर्क पनि आउन सक्छ तर सोको अर्थ अदालतको कामकार बाहीको नियन्त्रण गर्ने जिम्मेवारी पाएको अध्यक्षलाई जे मन लाग्यो त्यही गर्न पाउने छुट भने दिएको होइन । विशेष अदालत नियमावलीको नियम ८७ को अर्थ फरक छ जसले 'ऐन र यस नियमावलीमा लेखिएदेखि बाहेकको अन्य कार्यविधि अदालत आफैंले व्यवस्थित गर्न सक्नेछ' भनी व्यवस्था गरिएको छ । तर स्वयं ऐनले नै अदालतको क्षेत्राधिकार कसरी प्रयोग हुने बोलिर हेको अवस्थामा कुनै स्वेच्छिक कार्यविधि अदालत प्रयोग गर्नु अदालतले पदीय दायित्व निर्वाह पनि नगर्नु हो । यदि, आफ्नो कार्यविधि आफैंले बनाउन सक्ने व्यवस्थालाई यति हलुका तरि काले हेरियो भने ढोका थुनेर च्याम्बर भित्रै प्रशासनिक कार्य गर्ने पूर्ण बैठकले मुद्दाको सुनुवाइ गरे पनि भइहाल्योह सर्वोच्च अदालतको पुनरावलोकनको निम्ति निवेदनको सुनुवाइ जस्तो । जुन ऐन र नियमावलीको मर्म हुँदै होइन ।

धेरै न्यायाधीशको इजलास खडा गर्दैमा अदालतको आदेश बलियो हुन्छ भन्ने भ्रम स्वयं न्यायाधीशहरूलाई छ जस्तो देखिन्छ । र यो भ्रमबाट न्यायको सर्वोच्च निकाय सर्वोच्च अदालतु पनि पछि छैन । अब, विशेष अदालतले गरेको इजलास गठनलाई वैध तर्क मान्ने हो भने मानौं काठमाडौं जिल्ला अदालतमा कसैले अदालतको अवहेलनाको निवेदन दर्ता गर्‍यो वा प्रतिवेदन उठान भयो भने काठमाडौं जिल्ला अदालतभरिका लगभग ३५ जनाको इजलास गठन गर्नु स्वाभाविक हुने भयो जबकि नियमावलीले जिल्ला अदालतमा एक न्यायाधीशको इजलास बाहेकको अन्य इजलासको कल्पनै गरेको छैन, परिकल्पना गरेको छैन । धेरै न्यायाधीशको इजलास खडा गर्दैमा अदालतको आदेश बलियो हुन्छ भन्ने भ्रम स्वयं न्यायाधीशहरूलाई छ जस्तो देखिन्छ । र यो भ्रमबाट न्यायको सर्वोच्च निकाय सर्वोच्च अदालतु पनि पछि छैन । होइन भने कोभिडको अडबड आदेशको निम्ति निवेदन प्रतिवेदन तथा अधिवक्ता टीकाराम भट्टराईले दर्ता गरेको रिट निवेदन त्यसै १९ जना न्यायाधीशको न्यायाधीशले हेर्ने भनी इजलास गठन भो ।

१७ जना न्यायाधीशले हेर्न नमिल्ने के थियो ? त्यस मुद्दामा १५ न्यायाधीशले हेर्न नमिल्ने के थियो ? १३ ले वा ११ ले वा ९ ले ? यसको उत्तर आदेशमा नआउँदासम्म सो बेन्च गठनलाई विधिशास्त्रीय रूपमा तर्कसङ्गत भन्न सकिंदैन– स्वयं सर्वोच्च अदालत नियमावलीको नियम २२ (२) (च) प्रयोग गरिएको भएता पनि । 'सिधाकुराडटकम' सम्बन्धी अदालतको अवहेलनाको अर्को निवेदन/प्रतिवेदनमा सर्वोच्च अदालतको डिभिजन बेन्चबाट रायबाझी वा पूर्व रुलिङ नभई वा सर्वोच्च अदालतको ७ जना इजलासको पूर्व रुलिङ (गोविन्द के.सी) को निर्णयमा असहमत हुनु पनि आवश्यक नभई डिभिजन बेन्चले सोझै ९ जनाको बृहत् पूर्ण इजलास गठन गर्ने आदेश भएको देखिन्छ । अब, यसरी डिभिजन बेन्चले सोझै नियमावलीको नियम २२(२)(च) प्रयोग गरी बृहत् पूर्ण इजलास गठन गर्न सकिने भए नेपाल बारका पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरेको अवहेलनाको मुद्दा पनि दुई जना सम्मिलित डिभिजन बेन्चले सोझै ११ जनाको न्यायाधीश रहेको बृहत् पूर्ण इजलासमा पठाउन पनि अन्यथा भन्नु परेन ।

छिटो न्याय गर्ने होडबाजीमा रिगल विरुद्धको रिट निवेदनमा एकल इजलासले 'रिगल ढकाल' ले पाएको कैदकट्टा हो कि माफी मिनाहा हो भन्ने यकिन पनि नगरी सीधै पूर्ण इजलासमा पठाइएको थियो । यसपूर्व यस प्रकृतिका मुद्दामा कस्तो पूर्वआदेश भएको रहेछ भन्ने पनि संयुक्त इजलासले नहेरी सोझै पूर्ण इजलास गठन भएको थियो । निरुपण गर्ने प्रश्न के हो भन्ने पनि यकिन नगरी सोझै माथिल्लो इजलासमा मुद्दाहरू पठाउनु सैद्धान्तिक रूपमा न्यायमा विचलन हो । 'कानूनी प्रश्न' भन्दा 'मुद्दा' ठूलो कि सानो भन्ने आकारले कुन बेन्चले मुद्दा हेर्ने भनी इजलास गठनको अभ्यास हुनु न्यायमा चोट पुग्नु हो ।

कानून व्यवसायीहरू पक्कै पनि भजन गाउन त इजलासमा जाँदैनन्, कानूनी प्रश्न नै के हो भन्ने यकिन नभई माथिल्ला इजलासमा गएर उभिदिनुपर्ने/बोलिदिनुपर्ने बाध्यता बेन्चले नै खडा गर्दै जाँदा उनीहरूको बहसको स्तर कहाँ पुग्छ भन्नमा पनि हामी सचेत रहनुपर्छ । संयुक्त अमेरिका जस्तो सर्वोच्च अदालतका न्यायाधीशहरू सबैले एकै इजलासमा बसेर न्याय निरुपण गर्ने पद्धतिमा अदालत बस्दैन तर भारत वा नेपाल जस्तो फरक-फरक इजलासबाट अदालतको निर्णय आउँछ भने त्यस्तोमा मुद्दा सुन्ने सामान्य नियम नै साधारण इजलासले हो । माथिल्ला बेन्चको गठन अपवादात्मक तथा सो बेन्च गठनको विधिशास्त्रीय औचित्यता पनि पुष्टि हुनुपर्छ । तर दुर्भाग्यको कुरा माथि उल्लिखित कुनै मुद्दामा जति न्यायाधीशको इजलास गठन गरिए पनि फरक मत पनि आएको देखिंदैन । इजलासमा हुने न्यायाधीशहरूको सम्भावित फरक रायको अवस्था आउने सम्भावना पनि नभएको अवस्थामा पूर्व मुद्दाका रुलिङ नबाझिई ठूला-ठूला इजलास गठन गरिनुलाई विधिशास्त्रीय रूपमा उचित मान्न सकिंदैन ।

कानूनी प्रश्न विनाका माथिल्ला इजलास गठन हुँदा न्यायाधीशहरू 'संगठित पूर्व राय' बोकेर आए कि वा 'मिडिया वा जनमानसको भीडबाट' प्रभावित भए कि भन्ने आशंका पनि उत्तिकै उठ्छ र विषयवस्तुमा अर्थपूर्ण बहस पनि हुन सक्दैन । फेरि जति ठूलो इजलास त्यति गम्भीर प्रश्न र त्यति नै लामो समय बहस गर्नुपर्ने पनि हुन्छ । उदाहरणको निम्ति भार तीय सर्वोच्च अदालतले केशवानन्द भारतीको मुद्दाको संवैधानिक प्रश्नको निम्ति १३ जनाको इजलासले ६८ दिन मुद्दा सुनेको इतिहास छ र न्यायाधीशका राय पनि आ-आफ्ना मौलिक नै छन् । हाम्रोमा भने कानून व्यवसायीले बहस गर्दै गर्दा माथिल्लो इजलासबाट रुलिङ आउँछ 'विद्वानज्यू, आजै मुद्दा सक्नुपर्छ । बहस छिटो सक्नुहोस !"

(साभार: अनलाइनखबर)

# माधवजीको राजनीतिक पटाक्षेप

✍ श्यामप्रसाद मैनाली

यतिखेर राजनीतिक बजार माधवमय बनेको छ । पूर्वप्रम माधवजीका पक्ष र विपक्षमा चर्चा-परिचर्चाहरु भइराखेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रधानमन्त्रीका हैसियतले मन्त्रिपरिषद्बाट गरेको निर्णयविरुद्ध मुद्दा चलाउने साहस गरेकाले यस कदमको चौतर्फी स्वागत भइराखेको छ । किनकि यसअघि सबै प्रकारका मन्त्रिपरिषद्का निर्णयहरुबाट भएका भ्रष्टाचारजन्य मामिलाहरूमा नीतिगत निर्णयको आवरणमा आयोगले अनुसन्धान गरेको थिएन । अब आयोगले प्रधानमन्त्रीका विरुद्ध पनि अनुसन्धान गर्ने मुद्दा चलाउने निर्णय लिएको छ ।

यद्यपि यसको परीक्षण गर्दै यही परिवेशमा सम्मानित अदालतबाट निर्णय हुने नै छ । यो मुद्दा प्रकरणलाई लिएर पूर्वाग्रहीपूर्ण हिसाबले मुद्दा चलाइयो । माधवजी अत्यन्त शालीन र सच्चरित्रवान् नेता हुन् भन्नेहरू पनि देखिएका छन् । उनका विपक्षमा प्रशस्त प्रमाणहरूसहित प्रस्तुत हुनेहरूको पनि अभाव छैन । यथार्थतामा यो के हो ? प्रधानमन्त्रीका हैसियतले गरेको निर्णयमा मुद्दा चलाउन मिल्ने हो वा होइन ? माधवजीको राजनीतिक जीवनको अन्त्य गर्ने साजिस त होइन ? राजनीतिक जोड-घटाउमा कुरा नमिल्दा कुनै दलको नेतृत्व पङ्क्तिले बदला लिएको अवस्था हो कि ? माधवजीको असली नियत यस सन्दर्भमा के हुनसक्छ ? आदि विषयमा विश्लेषण गर्नुपर्ने अवस्था छ के हो पतञ्जली घोटाला ? भारतका चर्चित योगगुरु रामदेवजीले पश्चिमा उपचार पद्धतिको विकल्पका रुपमा जडीबुटी उपचार र योगलाई लिएका छन् । रामदेवजीको संस्थाले नेपालको जडीबुटी उपयोग गरेर त्यसैको स्रोतबाट नेपाललाई समृद्ध राष्ट्र बनाउने उद्देश्यसमेत राखेको थियो । नेपालमा रहेको उनैको शाखाले यस प्रकारको उपचारका लागि स्थान खोज्न प्रयास गर्‍यो । काभ्रे जिल्लाको ८ सय रोपनी जमिन २०६४ सालमा हदबन्दी छुट माग भयो । जग्गा किनिसक्नेबित्तिकै उक्त जग्गा बिक्री वितरण गर्न प्लटिङ गर्न स्वीकृति माग गरियो । स्थलगत निरीक्षण गरी शीघ्र स्वीकृति प्रदान गर्ने सन्दर्भमा कार्य अघि बढ्यो । सम्बन्धित मन्त्रालयले जग्गा सट्टा भर्ना गर्न सिफारिस पनि गर्‍यो । यी कारबाहीहरु प्रचण्ड प्रधानमन्त्री हुँदाको अवस्थामा भएको हो ।

२०६६ सालमा हदबन्दीभन्दा बढी जग्गा सट्टा भर्ना गर्न, बिक्री वितरण गर्न स्वीकृति दिनको लागि मन्त्रिपरिषद्मा पेस गरियो । मन्त्रिपरिषद्ले स्वीकृति दियो । यस समयमा माधवकुमार जी प्रधानमन्त्री हुनुहुन्थ्यो । जुन प्रयोजनको लागि जग्गा उपलब्ध गराइएको हो त्यो जग्गा अन्य प्रयोजनको लागि उपयोग गर्न पाइँदैन । गरेमा उक्त जग्गा नेपाल सरकारको हुने कानुनी व्यवस्था छ । यसलाई माधवजीको मन्त्रिपरिषद्ले महत्व दिएन । यसभन्दा अघि बढ्दा माधवजीले नै प्रधानमन्त्रीका हैसियतले उक्त जग्गामा बन्ने संर चनाको शिलान्यास गर्नुभएको हो ।

यो जग्गा हदभन्दा बढीको उद्योग प्रयोजनको लागि दिने काम र पछि अन्यत्र बिक्री वितरण पनि गर्न स्वीकृति दिने काम गर्दा माधवजीले जग्गा सट्टापट्टासमेत गर्न पाउने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नुहोला भन्दै कडा भाषामा तत्कालीन भूमि सुधार मन्त्रीलाई आदेश दिनुभयो । सबैको मिलीभगतमा काम सम्पन्न भयो । राष्ट्रिय उत्थानको ठूलै काम र पराक्रम गरेजस्तै भयो । शीघ्र कार्यान्वयन गर्न सबै निकायहरू अग्रसर भए । बैंकले त्यही जग्गा राखेर ऋण दियो । भूमिसुधार मन्त्रालय, गुठी संस्थान, राजनीतिज्ञहरू, बैंकका कर्मचारीहरु, सरकारी कर्मचारीहरु, भूमाफियाहरु सबै यो काममा अग्रसर भए । प्राय: सबै निकायका जिम्मेवार पदाधिकारीहरूको मिलीभगतमा यो काम सम्पन्न भएको छ । राष्ट्रलाई ठूलो घाटा पुर्‍याई रामदेव एन्ड कम्पनीलाई फाइदा दिलाउने कामको नेतृत्वदायी भूमिका औपचारिक रुपमा तत्कालीन प्रधानमन्त्री माधवजीले निर्वाह गर्नुभएको स्पष्ट छ ।

**अन्तर्राष्ट्रिय सन्दर्भ :**

नेपालमा मात्र राजनीतिज्ञहरूले गरेका घोटालाहरूको बारेमा कारबाही अघि बढाएको किमार्थ होइन । सार्क क्षेत्रकै र अन्यत्र मुलुकका पनि राजनीतिज्ञमाथि भएको भ्रष्टाचारको काम कारबाही के-कस्ता रहेका छन् ? त्यसको बारेमा पनि उल्लेख गर्नु सान्दर्भिक हुनेछ । भ्रष्टाचारीहरूलाई छिमेकी देश चीनमा मृत्युदण्ड दिइन्छ । निकारागुवाका राष्ट्रपतिले १०० मिलियन डलर भ्रष्टाचार गरेर संयुक्त राज्य अमेरिकामा थुपारेछन् । ती सबै सम्पत्ति फिर्ता भई उनीमाथि कारबाही भयो । पेरुका राष्ट्रपति फुजीमोरीले ६०० मिलियन डलर भ्रष्टाचार गरेर जापान पलायन भएपश्चात् सुपुर्दगी गराई उक्त रकम फिर्ता गरेर २६ वर्ष जेल सजाय तोकिएको थियो ।

इन्डोनेसियाका राष्ट्रपति सुहार्तोले ३५ अर्ब डलर भ्रष्टाचार गरेछन् । छानबिनको क्रममा उनले मृत्युवरण गरे । दक्षिण कोरियाका सामसुङ कम्पनीका सीईओले ठूलो भ्रष्टाचार गरी चार बिलियन डलरको आलिसान भवन बनाएछन् । त्यही भवनमा बस्दा रहेछन् । उनलाई कारबाही गरी सम्पत्ति जफत भएछ । सानो कोठामा भुइँमा बस्न बाध्य बनाउने दण्ड दिइएछ । दक्षिण कोरियाकै राष्ट्रपति पार्क जोन हाईलाई महाअभियोग मात्रै लागेको थिएन, राजनीतिमा भाग लिन नपाउने गरी बन्देज लाग्यो । युक्रेनका प्रधानमन्त्री पाप्लो लाजारेनकोले २०० मिलियन डलर बराबर रकम सरकारी कोषबाट चोरेर अमेरिकामा शरण लिएछन् । त्यहीँ उनलाई मुद्रा निर्मलीकरण गरेको ठहर गरी सम्पत्ति जफत गरेर ६ वर्षसम्म कारावासको दण्ड दिइएछ ।

विश्वभर भएको भ्रष्टाचारको आँकडाहरू अध्ययन गर्दा कुल राजस्वको ६ प्रतिशत रकम भ्रष्टाचार हुँदो रहेछ । ८७० मिलियन जनता भोकमरीले ग्रस्त रहेछन् । ती भोकमरीमा रहेका जनताको लागि आवश्यक पर्ने रकमको ८० दोब्बर रकम भ्रष्टाचार हुँदो र हेछ । संयुक्त राज्य अमेरिकामा मात्र वार्षिक ६०० अर्ब डलर भ्रष्टाचार भएको आँकडा छ । सार्क देशकै पाकिस्तानमा जुल्फिकर अलि भुट्टो हुँदै इमरान खानसम्म आइपुग्दा सबै शासकहरु भ्रष्ट नै देखिए । बंगलादेशमा प्रधानमन्त्री नै भ्रष्टाचारलगायतका हत्या हिंसामा संलग्न रहेको आरोपका आधारमा जनताले नै खेदेर भारतमा आई शरण लिनुपरेको अवस्था ताजै छ । यस प्रकार विश्वभर प्राय: सबैतिर भ्रष्टाचार हुन्छ । यो साझा समस्या हो । तर कतिपय देशहरुमा भ्रष्टाचारीहरुलाई कारबाही नगरी संरक्षण गरिँदै आएको छ । समस्या यहींनेर हो ।

**अख्तियारको प्रशंसा र आरोप :**

यो पहिलोपटक हो, प्रधानमन्त्रीको हैसियतले गरेको अपराधका सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको । जनतामा राजनीतिज्ञहरूप्रतिको अविश्वास र नकारात्मक धारणा बनिरहेको सन्दर्भमा यो निर्णय नेपाली नागरिकहरूका लागि खुशीको विषय बनेको छ । विशेष गरी आयोगका अध्यक्षज्यूको यो निर्णयको स्वागत अपवादबाहेकका सबैले गरि राखेका छन् । हालका दिनमा आयोगबाट ठूला-ठूला मामिलाहरुमा मुद्दा दायर हुँदै आएको छ । आयोगले राजनीतिक संरक्षणमा रहेका ठूला अभियुक्तहरूमाथि कारबाही गर्न सकेको छैन भन्ने आरोप लागिराखेको थियो ।

माधवजीलाई मुद्दा चलाउँदा थोरै आशा नागरिकहरुले गरेका छन् । प्रेस खरिदसम्बन्धी ७० करोड प्रकरण, कोरोना कालमा औषधि खरिदसम्बन्धी घोटाला, नक्कली भुटानी शरणार्थी प्रकरण, गिरीबन्धु टी स्टेट, गोकर्ण रिसोर्ट, दरबारमार्गको ट्रस्टको जग्गा लिज प्रकरण, महराजीले बुझ्नुभएको ४० करोड आदि पनि ठूलै विवादित घोटालाहरु हुन् । यसमा आयोग क्रियाशील हुनु जरुरी छ । राष्ट्रिय मेडिकल बोर्डबाट सिफारिसको आधारमा मात्र उपचार खर्च प्रदान गर्नुपर्नेमा राष्ट्रपतिज्यूलाई रु. ५५ लाख सिफारिस नहुँदै प्रदान गरिएको थियो । यही प्रकृतिको ललिता निवास घोटालामा माधवजीले असम्बन्धित मन्त्रालयका मन्त्रीलाई कडा आदेश दिई सो जग्गा भूमाफियाहरुलाई सुम्पने काम गर्नुभएको आरोप उहाँलाई लागेको थियो । मुद्दा चल्दा प्रधानमन्त्रीहरुद्वयलाई साक्षीका रुपमा मात्र राख्ने काम भयो । यस्ता विषयहरुमा आयोग तदारुक्ताका साथ प्रस्तुत हुन सक्नुपर्दथ्यो । सो हुन सकेको छैन भन्ने आलोचनाहरु भइराखेका छन् ।

**नेपालजीको राजनीति :**

माधवजीले यस घोटालामा आफ्नै सक्रियतामा निर्णय दिएको स्पष्ट छ । यद्यपि यसभन्दा पछि वनेका प्रधानमन्त्रीहरु कसैले पनि यो मामिलालाई उजागर गर्न चाहेनन् । अन्तत: अब नेपालजीले आफूलाई रक्षात्मक हिसाबले प्रस्तुत गर्ने अवस्था बनेको छ ।

क्रमश: पृष्ठ-३...

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार १६ गते सोमबार ३० जुन २०२५ । पञ्चमी, असाढ शुक्लपक्ष । दिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानि |

# केपी ओलीको विकल्पमा आइन् विद्या भण्डारी



काठमाडौं / पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा एमालेको सक्रिय राजनीतिमा फर्किएको घोषणा गरेकी छन् । मदन भण्डारीको ७४औं जन्मजयन्तीको अवसर पारेर पूर्वराष्ट्रपति भण्डारीले एमालेको राजनीतिमा फर्किएको घोषणा गरेकी हुन् । 'फरक ढंगको राजनीतिक जिम्मेवारीबाट मुक्त भएपछि नेकपा एमालेमै रहेर पार्टीको राजनीतिक यात्रालाई निरन्तरता दिने पवित्र उद्देश्यका साथ मैले पार्टी सदस्यता नवीकरण गरेको छु' यस्तो घोषणालाई समर्थकहरूले ताली बजाएर स्वागत गरेका छन् ।

तत्कालीन महासचिव एवं पति मदन भण्डारी सम्झिएर पटकपटक भावुक बनेकी विद्या भण्डारीकोयो सम्बोधनलाई समर्थकहरूले ध्यानपूर्वक सुनेका थिए । आफू एमालेको राजनीतिमा फर्कने घोषणा गर्दा हलले गरेको साथ देखेर उत्साहित पूर्वराष्ट्रपति भण्डारीले मदनकै शब्द सापटी लिएर केही संकल्प पनि गरेकी छन् ।

'अब म नेकपा एमाले परिवारको एक सदस्यको रुपमा पुन: जोडिएको छु, र यसमा म गर्व गर्दछु । मेरो कुनै विशिष्ट महत्वकांक्षा छैन', उनले संकल्प गरिन्, 'देश र जनताको हित नै मेरो ध्येय र लक्ष्य हो । जननेताले भन्ने गर्नुहुन्थ्यो- जनता भनेका भगवान हुन् । साथै उहाँले भन्नुभएको थियो- राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन ।' मन्तव्यको अन्त्यतिर भण्डारीले यी हरफ प्रस्तुत गर्दा सभा गृह फेरि अर्कोपटक तालीले गुञ्जिएको थियो । र उक्त हलबाट यो तहको समर्थन पाउनु स्वभाविक पनि थियो । किनकि पूर्वराष्ट्रपति भण्डारी एमालेको सक्रिय राजनीतिमा फर्कने घोषणा आजै त्यही हलबाट हुने जानकारी सार्वजनिक भइसकेको थियो ।

यद्यपि एमाले पंक्ति र राष्ट्रिय राजनीतिमा संशय थियो । संशयको मुख्य कारण एमालेभित्रको शक्ति-समीकरण थियो । माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतमहरू एमालेमा नरहेकाले केपी ओली निर्विकल्प भन्ने भाष्य स्थापित गराइएको थियो । ओली आफैंले पनि अझै २०-२५ वर्ष नेतृत्व नछोड्ने सार्वजनिक घोषणा गरेका थिए । नेताहरूले निर्धक्क एमालेभित्र ओली चुनौतीहीन रहेको दावी गर्थे । विकल्प खोज्न जरूरी नरहेको भनेर पार्टीकै विधान ओलीको अनुकुल व्याख्या गर्ने र संशोधन गरिन थालेको थियो ।

२०७८ मंसिरमा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशनबाट ओलीलाई अध्यक्ष दोहोर्‍याउन पार्टी विधानको धारा-६४ (ख) को व्याख्या गरिएको थियो । त्यही वर्ष फागुनमा ओली ७० वर्ष पुरा हुने भएकाले विधानमा '७० वर्ष नकटेको' भन्ने व्याख्या गरिएको थियो । अहिले पनि ओलीलाई निरन्तरता दिन लगातार दुई कार्यकाल भन्दा बढी एउटै पदमा बस्न नपाइने विधानको व्यवस्था सुटुक्कै हटाइएको खुलेको छ । ११ असारको सचिवालय बैठकमा महासचिव शंकर पोखरेलले पार्टी विधानमै व्यवस्था गरेर पूर्वराष्ट्रपतिलाई एमालेमा आउन रोक्नुपर्ने प्रस्ताव नै लगेका थिए ।

यस्तो पृष्ठभूमिमा पूर्वराष्ट्रपति भण्डारीको घोषणा रोकिन सक्ने कयौं नेताहरूको अनुमान थियो । राष्ट्रिय सभा गृह पुगेका कतिपय नेताहरूमा ओली र विद्या भण्डारी मिलेरै अगाडि बढ्ने विश्वास देखिन्थ्यो । विद्या भण्डारी उकासेर एमालेलाई कमजोर पार्ने खेल भइरहेको उनीहरूको बुझाइ थियो ।

तर एमालेका संस्थापक समेत रहेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलकै साथ लिएर विद्या भण्डारीले एमालेको राजनीतिमा फर्किएको घोषणा गरिन् । 'दुईपटक एमालेको उपाध्यक्ष र पूर्व राष्ट्रपतिको हैसियत बनाइसकेको व्यक्ति सक्रिय राजनीतिमा आउँछु भन्नुको सन्देश प्रष्ट छ', एक पदाधिकारी भन्छन्, 'अब उहाँ एमालेको अध्यक्ष हुने हो, औपचारिक यात्रा आजबाट सुरु भयो ।'

ती पदाधिकारी ओलीको विकल्प आजबाट मैदानमा उत्रिएको बताउँछन् । 'एमालेको ओरालो यात्रा रोक्न पनि आजबाट विद्यादेवी भण्डारी केपी ओलीको विकल्प बनेर उभिनुभयो, यो चानचुने सन्देश होइन', उनी भन्छन् । पूर्वराष्ट्रपति भण्डारीले पनि आफ्नो लामो राजनीतिक यात्रा उल्लेख गरेर अब एमालेकै नेतृत्व गर्ने प्रष्ट सन्देश दिएकी छन् ।

'राजनीतिक यात्रामा आजका दिनसम्म आइपुग्दा मलाई राजनीतिक उतारचढाबले धेरै कुरा सिकाएका छन्, बुझाएका छन् र थप परिपक्क समेत बनाएका छन्' उनले भनेकी छन्, 'मलाई जस्तै विगतले अरुलाई पनि महत्वपूर्ण शिक्षा र अनुभव अवश्य दिएको छ ।' अर्थात् आफ्नो मन्तव्य मार्फत् भण्डारीले साथ-सहयोगको अपिल गरेका छन् । र, राष्ट्रिय गृहको कार्यक्रम हेर्दा ईश्वर पोखरेलले यो अभियानको नेतृत्व गर्ने प्रष्ट संकेत मिल्छ । विद्या भण्डारी भन्दा पहिले बोलेका पोखरेलले पूर्वराष्ट्रपति पनि राजनीतिक पद भएको तर्क गरेका थिए । 'पूर्वराष्ट्रपति पनि राजनीतिक मान्छे हो । यसमा रुचि राख्नु उहाँको धर्म हो । न्यारो ढंगले सोच्नु हुँदैन', पोखरेलले भनेका थिए ।

स्पेन भ्रमणमा निस्कने हतारो देखाउँदै सवैभन्दा पहिले बोलेका प्रधानमन्त्री ओलीकै दावीहरू खण्डन गरेर पनि वरिष्ठ उपाध्यक्ष पोखरेलले पार्टी नेतृत्व परिवर्तनको अभियान आफूले चलाउने प्रष्ट संकेत दिए । पार्टीभित्रको लोकतान्त्रिकरणले जबज बलियो बन्ने निष्कर्षमा पुग्न वरिष्ठ उपाध्यक्ष पोखरेलले लामै विश्लेषण गरेका थिए । उनको तर्क बमोजिम ७० वर्षे उमेर हद र दुई कार्यकालको व्यवस्था मानेर ओलीले एमाले अध्यक्ष अब दाबी गर्न हुँदैन ।

जबजको मार्गदर्शनमा पार्टीको लोकतान्त्रिकरण गर्नलाई लामो बहस र छलफल मार्फत् बहुपद, कार्यकालको व्यवस्था र उमेर हदको विधानमा व्यवस्था गरिएको पृष्ठभूमि पोखरेलले प्रस्तुत गरेका थिए । यी सबै कार्यको नेतृत्व सातौं राष्ट्रिय महाधिवेशन पश्चात् ओलीकै नेतृत्वमा भएको पनि पोखरेलले बताए ।

तर माओवादीसँग एकता पछि एमालेको लोकतन्त्र कमजोर बन्दै गएको पोखरेलले विश्लेषण गरे । संभवत: पोखरेलको भाषणमा लामो समयपछि आज धेरै ताली बजेको थियो । समर्थकबाट उत्साहित वरिष्ठ उपाध्यक्ष पोखरेलले पनि पार्टीभित्रको लोकतान्त्रिकरणबारे सचेत नेता-कार्यकर्ताले प्रश्न उठाउन सक्ने बताए । उनले चुनौती पनि दिए- कसैलाई प्रश्न गर्नबाट रोक्न मिल्दैन ।

वक्ता बनेरै ईश्वर पोखरेलले विद्या भण्डारीको एमाले अध्यक्ष बन्ने अभियान साथ दिदा अरु पदाधिकारी पनि त्यहीं थिए । उपाध्यक्षहरू युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे र रामबहादुर थापा, सचिवहरू गोकर्ण बिष्ट, र रघुबीर महासेठले दर्शकदीर्घामा थिए । अरु थुप्रै नेता पनि विद्या भण्डारीको एमाले अध्यक्ष बन्ने अभियानका साक्षी बन्न पुगे । तर ओलीले भने चर्कै शब्दमा यो अभियानप्रति आपत्ति जनाए । विद्या भण्डारीले एमाले अध्यक्ष बन्ने अभियान चलाइरहेको समाचार लेख्ने आमसञ्चार माध्यमदेखि आफ्नै सहकर्मीहरूप्रति आक्रोश पोखेका थिए ।

'मदन भण्डारीको ७४औं जन्मजयन्ती, यसलाई धेरैले विभिन्न आश गरेका छन् । यहाँ मैले बम पड्काउँछु, विद्या भण्डारीजीले बम पड्काउनुहुन्छ, भन्ने सपना देखेर बसेको छ' प्रधानमन्त्री ओलीले भने, 'कुनै बम, बन्दुक, बारुद गोला केही पड्कनेवाला छैन । आश नगरे हुन्छ । नेकपा एमाले एक छ, एक हुन्छ, एकजुट भएर लाग्छ ।'

एमाले अध्यक्ष फेर्ने अभियानप्रति असहमत ओलीले मदन भण्डारी र पार्टी इतिहासबारे लामै चर्चा गरेका थिए । तर ओलीको चर्चाले मदन भण्डारीको सम्मान नभएर उपेक्षा गर्थ्यो । कतिसम्म भने मदन भण्डारीले चार वटी श्रीमती र शहकारी ठगीको आरोप खेप्नु परेको, दुलाबाट निस्के एकैपटक महासचिव बनेको जस्तो प्रशंग ओलीले कार्यक्रममा सम्झिए ।

एमालेले मार्गदर्शक मान्ने जबजको श्रेय पनि मदन भण्डारीलाई दिन ओली तयार थिएनन् । मदन भण्डारीले पाँचौं महाधिवेशनमा प्रस्तुत गरेको जबजको धेरै काम चौथौ महाधिवेशनमै (जुन बेला झलनाथ खनाल महासचिव थिए) भएको ओलीले तर्क गरेका थिए । अगाडि बढेर ओलीले मदन भण्डारीले नमागे पनि आफूहरूले महासचिव बनाइदिएको बताएका छन् ।

अर्थात् पूर्वराष्ट्रपति भण्डारी एमाले अध्यक्ष बन्ने अभियानको औपचारिक घोषणा गर्नुअघि ओलीले सजिलै नछोड्ने सन्देश दिएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# उनीहरू प्रेरणा र उमंगको गीत गाउँछन्, यिनी दम्भ र प्रतिशोधको




हरेक अंग्रेजी वर्षको अन्त्यमा म्युजिक स्ट्रिमिङ प्लेटफर्महरूले वर्षभर सुनेका सामग्रीहरूको विभिन्न तथ्यांक उपलब्ध गराउने गर्छ । स्पोटीफाई र्‍याप्ड, एप्पल म्युजिक रिप्ले, युट्युब रिक्याप, माइ डिजर इयर आदि उदाहरण हुन् । संगीत पारखीका लागि त्यो समय विशेष हुन्छ । किनकि आफूले कति गीत सुनिएछ ? सबैभन्दा बढी कसलाई सुनिएछ ? कुन विधा बढी सुनिएछ ? जस्ता आफूसँग सम्बन्धित तथ्यांकहरू हेर्न सकिन्छ ।

त्यस्तो तथ्यांकलाई एक-अर्का प्रयोगकर्तामाँझ शेयर गर्न नेपाल नामक सबरेडिट कम्प्युनिटीले एउटा मेघाथ्रेट नै बनाउने गर्छ । जहाँ कमेन्ट गरिएका स्क्रिनसटहरूमा घण्टौं घण्टा संगीत सुनेको तथ्यांक देख्न पाइन्छ ।

तर ती मध्ये धेरैमा अंग्रेजी गीतको बाहुल्यता देखिन्छ । इन्टरनेट र प्रविधिमा पहुँच, भाषा सिक्ने रुचि, गहिरो भावनात्मक अभिव्यक्ति, सांगितिक गुणस्तर आदि त्यसको कारण हुन सक्छन् । विश्वभर करिब आधा अर्बभन्दा बढी प्रयोगकर्ता रहेको रेडिटका ४० प्रतिशत प्रयोगकर्ता १८ देखि २९ वर्ष उमेर समूहका छन् । ठ्याक्कै तथ्यांक छैन । तर, नेपाली रेडिट प्रयोगकर्ताहरू पनि सोही उमेर बराबर भएको अनुमान गर्न सकिन्छ ।

सो उमेर समूहका नेपाली श्रोताहरूले कस्तो प्रकारको संगीत सुनिरहेका छन् भन्ने आधार का लागि मात्र रेडिट चर्चा गरिएको हो । जनसांख्यिकी रूपमा संगीत श्रोताको तथ्यांक नहुनु रेडिट चर्चा नतिजा हो ।

खैर, जेनजी पुस्ताले नेपालीबाहेक अन्य भाषी गीतहरू बढी सुनिरहेकामा कुनै दोधार हुनुपर्दैन । तर कुन-कुन देशका सुनिरहेका छन् ? कस्तो विधाको सुनिरहेका छन् ? कुन शैलीका सुनिरहेका छन् ? यिनको उत्तर तथ्यांक अभावमा नै अड्केको छ । यद्यपि उल्लेखनीय संख्यामा केपप श्रोताहरू नेपालमा रहेको पाइन्छ । सामाजिक सञ्जालमा सक्रिय फ्यान पेज, डान्स कभर भिडियो, फ्यान इभेन्टले सो कुराको पुष्टि गर्छ । त्यसका साथै बिटिएस, ब्ल्याकपिङ्क आदिका पोस्टर, टिसर्ट, प्रिन्ट आदि बजारमा सजिलै पाइनुले पनि केपपको नेपालमा लोकप्रियता झल्काउँछ । तर यसमा पनि तथ्यांक कमी नै छ । मूलत: केपपका फ्यानहरूसँग कुराकानी गर्दा मनमोहक संगीत, ऊर्जा भरिएको नृत्य, स्टाइलिस प्रस्तुति र भावनात्मक रूपमा मन छुने गीतहरूले आफूलाई मोहित बनाउने सुनाउँछन् ।

त्यससँगै सर्जकहरूको जीवनशैली, विचार, सामाजिक व्यक्तित्वलाई पनि उनीहरू कारण मान्छन् । यसभन्दा पनि उनीहरू आफूलाई हौसला दिने, कठिन समयबाट बाहिर निकाल्ने, आत्म खोज गर्न प्रेरित गर्ने भएकाले केपप सुन्ने गरेको बताउँछन् । अब एकै क्षण उनीहरूको कुरा छाडेर नेपाली संगीतको चर्चा गरौं ।

तर प्रधानमन्त्रीबाटै सार्वजनिक रूपमा थापालाई बधाई दिनु लोक रिज्याइँबाहेक केही नभएको धेरैको बुझाइ छ । कारण युट्युबमा नेपाली गीतले २२ करोड बढी भ्युज पाइसकेका छन् । थापाको आँकडा कुनै कीर्तिमानी होइन । कुरा सर्जक थापाको आयो । अब उनको गीतको शैली र श्रोताबारे कुरा गरौं ।

सञ्जाललाई विश्वास गर्दा उनी अहिले चल्तीमा छन् । नाम र दाम दुवै कमाइरहेका छन् । तर उनको 'सिर्जना'ले क्षणिक मनोरञ्जनबाहेक के दिइरहेको छ त ? प्रश्न आउँछ । उनका फ्यानलाई सुरुमा सतर्क गराइहालुँ, युट्युबमा राखेपछि कन्टेन्ट सार्वजनिक हुन्छ ।

सार्वजनिक काम र व्यक्तिमाथि टिप्पणी गर्न पाइन्छ । यहाँ थापा अथवा उनको सिर्जना राम्रो/नराम्रो भन्ने चर्चा होइन । त्यसको प्रभाव के भन्ने मात्र हो । र सर्जक थापा उस्तै शैलीमा संगीत गर्नेहरूको प्रतिनिधि पात्र हुन् ।

थापाको गीतले आफूलाई मानसिक तनाव सिवाय केही नदिने काठमाडौं बौद्ध बस्ने विवेक विष्ट सुनाउँछन् । थापाको सांगितिक यात्राको प्रशंसा गर्ने तर सिर्जनाको कहिल्यै गर्न नसक्ने विष्ट बताउँछन् । 'मैले उनलाई सामाजिक सञ्जाल मार्फत नै चिनेको हो । पहिलो पटक सुन्दा नै 'इम्प्रेसन' ठिक भएन । अहिले मलाई कुनै ठिक लाग्दैन,' उनी भन्छन् ।

तर थापालाई मन पराउने जमात पनि उत्तिकै छ । जो कुनै सांगितिक कार्यक्रममा बेफिक्री नाच्ने, उफ्रिने गर्छन् । तीमध्येका कञ्चनपुरका हरि जोशी एक हुन् । सामान्य कुराकानीमा पनि थापाका गीतका लाइहरू सुनाइरहने उनी आफूलाई उनको डाइ-हार्ट फ्यान मान्छन् । कारण भने थापाको बोल्ड व्यक्तित्व भएको उनको भनाइ छ ।

थापाको गीतलाई लिएर भिन्न मत राख्ने उनीहरू प्रतिनिधि हुन् । तर यो मतभेदलाई संगीत क्षेत्रका व्यक्तिहरूले भने नराम्रो मान्दैनन् । एउटा सांगितिक हिस्साका रूपमा अर्थ्याउँछन् । जुन राम्रो भए आफैं समाजमा घुलिन हुने र नराम्रो भए स्वत: हराउने तर्क गर्छन् । श्रोतामा देखिएको यो विभाजनबारे गायक शिव परियार भन्छन्, 'समय र मानिसको स्वभाव कहिले पनि एकनास हुँदैन । यसकारण हरेक पुस्ताको रुचि स्वाभाविक रूपमा फरक फरक हुन्छ । तर संगीतले तत्कालीन समयलाई प्रतिविम्बित गरिरहेको हुन्छ'

संगीत मानव जीवनको हरेक पक्ष (खुसी, दु:ख, सामाजिक सेवा, राष्ट्रिय भावना, रमाइलो, खेलकुद) मा उपस्थित हुने उनको बुझाइ छ । 'गाउँ गाउँबाट उठ' वा 'लुट्न सके लुट' जस्ता गीतहरू तत्कालीन सामाजिक/राजनीतिक परिवेशका उपज हुन्' परियार भन्छन् । उनको निष्कर्ष छ - जे चल्छ, त्यसले वर्तमान समाजकै प्रतिबिम्ब गरिरहेको हुन्छ । यसमा प्रमुख समस्या भनेको समाजको 'दोहोरो मापदण्ड' हो ।

'मानिसहरूलाई कुनै गीत मन परेन वा खराब लाग्छ, तर उनीहरू त्यही गीत हेरिरहन्छन्, त्यसको भ्यूज बढाउँछन्' परियार भन्छन्, 'सो कुराले सर्जकहरूलाई उस्तै प्रकारको काम गर्न प्रोत्साहन मिल्छ ।' तर, यदि कुनै चीज साँच्चिकै खराब छ भने समाजले त्यसलाई निरुत्साहित सक्नुपर्ने उनको तर्क छ । त्रिभुवन विश्वविद्यालय ललितकला क्याम्पसका विभागीय प्रमुख प्रा.डा. धुर्वेशचन्द्र रेग्मीको बुझाइमा यस्ता प्रवृत्ति पहिले देखि नै थिए । सञ्चार क्रान्ति र डिजिटलाइजेसनका कारणले पहिलेदेखि चलेको यो प्रवृत्तिले अहिले तीव्रता मात्रै पाएका रेग्मी बताउँछन् । 'समाजले सधैं सरल र जटिल नभएका कुराहरू खोज्ने गर्छ' रेग्मी भन्छन्, 'तडकभडक भएका गीतहरू हलुका, भड्किलो र आँखालाई राम्रो देखिने हुन्छन् । त्यसले श्रोतालाई आकर्षित गरेको हुन सक्छ ।'

संगीत सिर्जनामा सीमा सिर्जना गर्न नहुने धारणा रेग्मीको पनि छ । सबै किसिमका संगीतलाई समान प्रोत्साहन दिनुपर्ने कुरामा विश्वास राख्ने उनले त्यस्ता गीतहरू पछाडिका तर्क र प्रयोग गरिएका तत्वहरूको भने अध्ययन गरिनु पर्ने सुनाउँछन् । सानो भए पनि नेपालमा सांगितिक विविधता छ । जुन संगीत सिर्जना गर्नेदेखि सुन्नेसम्म नै पाइन्छ । फेरि संगीत यस्तो स्वतन्त्र र नितान्त फरक विषय हो, जसले गर्दा कसैलाई पनि करले केही गराउन सकिँदैन ।

अहिले नेपाली साहित्य, संगीत, कला जस्ता सिर्जनशील क्षेत्र संक्रमणकालीन र तरल अवस्थामा रहेको गायक शिव परियार देख्छन् । जसको कुनै निश्चित आकार छैन । यस्तोमा युट्युब जस्ता प्लेटफर्ममा नि:शुल्क अपलोड हुने सामग्रीहरूले समाजलाई भ्रमित बनाउने गर्छ । त्यसमाथि कला र मनोरञ्जन बीचमा अस्पष्टता छाएको उनको धारणा छ ।

'भ्रमित समाजले के चीज कला हो र के मनोरञ्जन हो भनेर बुझेका छैनन्' गायक परियार भन्छन्, 'कलामा साधना र अभ्यास चाहिन्छ । तर मनोरञ्जनका लागि त्यस्तो कडा प्रशिक्षण आवश्यक पर्दैन ।' कला भित्र मनोरञ्जन हुन सक्छ, तर मनोरञ्जनभित्र कला हुनैपर्छ भन्ने जरुरी नभएको उनी बताउँछन् । सामाजिक सञ्जालमा मनोरञ्जन दिने धेरै प्रयोगकर्ताका फ्यान फलोअर्स बढेको देख्दा उनीहरूलाई पनि कलाकार नै ठान्ने प्रवृत्ति बढेको छ उनको भनाइ छ ।

त्यसले मनोरञ्जनका सही सामग्रीहरू आउन दिइरहेको छैन, जसले गर्दा समाज 'वैकल्पिक मनोरञ्जन' तर्फ गइरहेको छ । तर वैकल्पिक सामग्रीहरू दीर्घकालीन नहुने उनको ठम्याइ छ । त्यसमा प्रा.डा. रेग्मीको पनि समान धारणा छ । श्रोताले जहिल्यै पनि आफूले चाहेको मात्र संगीत सुन्ने रेग्मी बताउँछन् । उनको बुझाइमा चाहे शास्त्रीय होस्, लोक होस् वा आधुनिक होस्, वा विदेशी नै किन नहोस्, कुनै गीत श्रोताले सरल, बुझ्न सजिलो र आफ्नो संस्कृतिसँग मेल खाने भएपछि मात्र सुन्न थाल्छ ।

तर कुनै श्रोताले निश्चित संगीत अथवा कलाकार सुन्न थालेपछि अरू सुन्न त्यति मन नपराउने प्रा.डा. रेग्मी सुनाउँछन् । उनका अनुसार श्रोताहरू प्राय: आफ्ना स्थापित प्राथमिकतामा अडिग रहन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# माधवजीको राजनीतिक...

उनले मौखिक बखान गरेर जनताको सद्भाव बटुल्नुको खासै अर्थ छैन । कानुनत: वर्जित गरिएको काम नेपालजीको मन्त्रिमण्डलले गरेको छ । यो विधिशास्त्रको सामान्य सिद्धान्त हो । देशको प्रधानमन्त्रीलाई कानुनको ज्ञान छैन भन्न कानुनी राज भएको देशमा बिल्कुल सुहाउँदैन । अदालतबाट सफाइ लिन सक्नुपर्दछ । अदालतले दुईवटा मुख्य पक्षहरूमा यो मुद्दाहरूको फैसला गर्नेछ । पहिलो हो, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ४ खको व्यवस्था, यसमा मन्त्रिपरिषद्ले सामूहिक रुपमा लिएको नीतिगत निर्णय अख्तियारको छानबिनको दायराभित्र नपर्ने स्पष्ट उल्लेख छ । सबै मन्त्रिपरिषद्का निर्णयहरु नीतिगत निर्णय हुन सक्छन् या सक्दैनन् ? निर्णय गर्नुपर्ने हुन्छ । दोस्रो हो प्रमाण, कानुन, नजिर र सिद्धान्तका आधारमा अदालतले यस विषयमा निर्णय लिनुपर्ने हुन्छ । मामिलाको मेरिटमा प्रवेश गर्दा अवस्था कस्तो देखिन्छ ? यसको परीक्षण गर्ने अदालतले नै हो । नेपाल भ्रष्टाचारले व्याप्त मुलुक हो । यसमा कसैको दुई मत छैन ।

नेपालजी विशेष जिम्मेवारीमा लामो समयदेखि बस्दै आउनुभएको व्यक्ति हुनुहुन्छ । भ्रष्टाचार नियन्त्रणका लागि ठोस कार्यक्रमसहित अघि बढेको महसुस गराउन सक्नुभएन । अख्तियारले छानबिनको क्रममा बोलाएका प्रधानमन्त्रीहरूमा नेपालजी मात्रै एक्लो होइन । लाउडा विमान खरिदमा स्वर्गीय गिरिजाप्रसादलाई पनि आयोगले बोलाएको थियो । तत्कालीन राजा ज्ञानेन्द्रको पालामा गठित शाही आयोगले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालगायतलाई कारागारमा हिरासतमा राखेको थियो । माधवजी लगायत सबै दलका शीर्षस्थहरू र प्रधानमन्त्रीहरू कसैले पनि राजनीतिक स्तरबाट भएका भ्रष्टाचारहरुलाई नियन्त्रण गर्न थोरै मात्र पनि चासो देखाउनुभएको थिएन । यसमा अघि बढ्दा असहज अवस्था आफैंलाई पर्ने निश्चित थियो ।

माधवजीको राजनीतिक यात्राको बारेमा विभिन्न कोणबाट विश्लेषण भइराखेको छ । उहाँका दशवटा सांसदहरु अपवादबाहेक सबै अवसरको खोजीमा रहेको समाचारहरू आइराखेका छन् । नेतृत्व नै विवादमा परेपछि उनीहरुलाई दल परित्याग गर्न सहज बनेको छ । वैकल्पिक मार्ग अवलम्बन गरी राजनीतिलाई अघि बढाउन सक्छन् । संविधानसभाको निर्वाचनमा माधवजी दुई निर्वाचन क्षेत्रबाट पराजित भई उहाँको दल तेस्रो बनेको थियो । सिट संख्या अत्यन्त कम थियो । उहाँले नैतिक जिम्मेवारी लिए र दलको नेतृत्वदायी भूमिकाबाट बिदा लिनुभएको थियो । तर दुवै निर्वाचन क्षेत्रबाट पराजित नेपालजी सांसद, प्रधानमन्त्री बन्नुभयो । उहाँको नैतिकताको सन्दर्भ आफैँमा प्रश्नवाचक बनेको छ । अब फेरि पनि उहाँको परीक्षणको बेला आएको छ । भ्रष्टाचारको अभियोगमा अदालतमा मुद्दा खेपिरहेको व्यक्तिले दलको नेतृत्वदायी भूमिकामा बसिरहन मिल्ने हो वा होइन ? विश्लेषण भइराखेको छ ।

माधवजीका विचारमा आयोग पनि राजनीतिक दाउपेचमा संलग्न भएको भन्नेछ । तर यो सन्दर्भ पनि माधवजीले सफाइ पाएको अवस्थामा मात्र उजागर हुनसक्छ । माधवजीको समाजवादी कम्युनिस्ट पार्टी कुनै पनि समय एमालेमा पूरै विलय पनि हुनसक्छ । यसका सांसदहरु विभिन्न ठूला दलहरुमा समाहित हुन पनि सक्छन् । यो खतरा नेपाललाई आफ्नो राजनीतिक जीवनमा भोग्नुपरेको कठिन अवस्था हो । भलै उनलाई धरौटीमा छोडियो ।

अदालतबाट सफाइ पाएर राजनीतिमा फर्किंदा पनि विगतको जस्तो आकर्षण नेपालजीमा अब रहँदैन । किनकि नेपालका नेतृत्व तहमा रहेकाहरूको आर्थिक स्थिति सबैलाई स्पष्ट छ । नेपाली नागरिक आफैं चस्मदित गवाह हुन् । मनोबल गिरेको नेताले नेतृत्व दिन सक्दैन । यस अर्थमा नेपालजीको राजनीतिक यात्रा संकटमय, जोखिमपूर्ण र कठिन छ ।

**निष्कर्ष** :

नेपालमा राजनीतिक स्तरका ठूला भ्रष्टाचारीहरूले अभयदान पाएको अवस्था छ । माधवजीलाई लगाइएको मुद्दा प्रथम र अन्तिम नहोस् । यही नै जनताको चाहना छ । सबै व्यक्तिहरूका लागि भ्रष्टाचारको अपराध प्रमाणित भएर समाजमा बस्न कठिन हुन्छ । भ्रष्टाचार ठहरिएका आरोप लागेका धेरैले आफ्नो देहत्याग गरेका छन् । उदाहरणका लागि मित्र राष्ट्र भारतमा आफ्ना श्रीमती र छोरीलाई भ्रष्टाचारको मुद्दा प्रमाणित भएपछि भीके वेशले आत्महत्या गरे । सन् २०२३ मा आफूविरुद्ध भ्रष्टाचारको मुद्दा लागेपछि कस्टम सुपरिटेन्डेन्टले भारतमा आत्महत्या गरेका थिए । नेपालमा पनि शाही आयोगमार्फत अभियोग लगाउन थालिएका बखत दिनेश प्याकुरेलले आफ्नै घरमा आत्महत्या गरे । तानाशाही तन्त्र भएका देशहरूमा भ्रष्टाचार हुन्छ । लोकतान्त्रिक आवरणमा तानाशाही तन्त्र हाबी हुँदा भ्रष्टाचार संस्थागत भएको पाइन्छ ।

नेपालमा पनि लोकतान्त्रिक आवरणमा भ्रष्टाचार मौलाउँदै गएको छ । प्रधानमन्त्रीहरू नै देशमा भ्रष्टाचार भएको उद्घोष गर्दछन् । पूर्वप्रधानमन्त्री डा. बाबुरामले बुढीगण्डकी जलविद्युत् आयोजनामा ९ अर्ब रकम तीन दलका शीर्षस्थहरूले घुसबापत लिएको प्रमाणित गर्न सक्ने उद्घोष गरेका थिए । तर उनीसँग आयोगले उक्त प्रमाणहरू माग्न उत्साह देखाएको छैन । कमरेड प्रचण्डले देश शान्ति प्रक्रियामा अघि बढेपछि जनसेनासँग रहेका हतियारहरू बाबुरामजी प्रधानमन्त्री भएका बखत बिक्री गर्न चाहेका रहेछन् । तर उनीहरूलाई सिमाना पार गराउन प्रधानमन्त्रीको सहयोग चाहिएछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'सुख दु:ख'बाट फिल्म निर्देशनमा डेब्यु गर्दै नीता




काठमाडौं / नेपालमा अभिनयको अनुभवलाई सर्टिफिकेट मानेर निर्देशनमा होमिएका कलाकारहरूको संख्या ठूलो छ । भुवन केसी, निखिल उप्रेती, विराज भट्ट, झरना थापा, दीपाश्री निरौला लगायतले फिल्म निर्देशन गरेर सफलता पनि पाइसकेका छन् । अब अभिनेत्री तथा निर्मात्री नीता ढुंगाना (अधिकारी)ले फिल्म निर्देशन गर्ने भएकी छन् । उनले 'सुख दु:ख'बाट निर्देशनमा डेब्यु गर्न लागेकी हुन् ।

शनिबार नीताले फिल्मको घोषणा गर्दै सार्वजनिक गरेको थिम पोस्टरमा उनको नाम निर्देशकमा देख्न सकिन्छ । उनले फिल्मको प्रदर्शन मिति पनि तय गरेकी छन् । अर्को वर्षको दशैंमा फिल्म प्रदर्शन हुने पोस्टरमा उल्लेख छ । नीता फिल्म्सको ब्यानरमा बन्न लागेको यो फिल्ममा कलाकारको लाइनअप भने तयार भइसकेको छैन । यतिबेला स्क्रिप्ट लेखनको काम भइरहेको जनाइएको छ ।

सबै कुरा मिलेको हुन्थ्यो भने निर्देशनमा नीताको डेब्यु गत वर्ष प्रदर्शन भएको फिल्म 'ह्रस्व दीर्घ'बाटै हुने थियो । यो फिल्म सुरुमा उनले नै निर्देशन गर्न लागेकी हुन् । तर, स्क्रिप्टमा काम हुँदै जाँदा कथाले ठूलो 'क्यानभास' मागेपछि उनले निर्देशनको आँट गर्न सकिनन् । र, निर्देशनको जिम्मा चन्द्र पन्तलाई दिएकी थिइन् । अब भने नीताले 'सुख दु:ख'बाट निर्देशक बन्ने सपना पूरा गर्दैछिन् ।

बाल कलाकारको रुपमा फिल्म 'मितिनी'बाट अभिनय करिअर सुरु गरेकी उनले अहिलेसम्म ५० बढी फिल्ममा काम गरिसकेकी छन् । यसको मतलब अभिनयमा उनको लामो अनुभव छ । त्यही अनुभवको सहारामा उनले 'सुख दु:ख'को निर्देशन गर्न लागेकी हुन् । अभिनयमा वाहवाही बटुल्दै आएकी उनलाई अब फिल्म निर्देशनमा पनि आफूलाई अब्बल प्रमाणित गर्नुपर्ने ठूलो चुनौती छ ।

# 'ऊनको स्वीटर'का कलाकार र निर्माताले केक काटेर मनाए ५१ दिन

काठमाडौं/फिल्म 'ऊनको स्वीटर'ले शनिबार प्रदर्शनको ५१ दिन मनाएको छ । यस अवसरमा 'सक्सेस सेलिब्रेसन' समारोह आयोजना गरियो जहाँ 'कास्ट एन्ड क्रू'ले केक काटेर खुसी बाँडे । मुलुकका ४० भन्दा हलमा फिल्म अहिले पनि प्रदर्शनरत छ । चलचित्र विकास बोर्डका अनुसार फिल्मले अहिलेसम्म देशब्यापी न्यूनतम १० करोड ग्रसभन्दा धेरै कमाइ गरेको छ ।

आयोजित समारोहमा विपिन कार्की, मिरुना मगरसहितका कलाकारले दर्शकलाई धन्यवाद दिए । निर्देशक नवीन चौहानले सफलताप्रति खुसी व्यक्त गर्दै दर्शक र शुभचिन्तकप्रति आभार प्रकट गरे । उनले यस फिल्मले पाएको मायाले आगामी दिनमा अझ राम्रो काम गर्न प्रेरित गरेको बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडामा शनिबारदेखि २ दिने रोजगार महोत्सव सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/५ सय युवालाई अन द स्पट प्रत्यक्ष रोजगारी प्रदान गर्ने लक्ष्यसहित हेटौंडामा शनिबारदेखि २ दिने रोजगार महोत्सव सुरु भएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश र मकवानपुर उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा महोत्सव सुरु भएको हो । आइतबार सम्म चल्ने महोत्सवको उद्घाटन बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले गरेका हुन् । महोत्सवको उद्घाटन गर्दै मन्त्री महर्जनले समृद्धिको अभियानलाई सार्थक बनाउन रोजगारीको महत्व धेरै रहेको बताए । मन्त्री महर्जनले नेपालमा रोजगारी पाइँदैन भन्ने भाष्य हटाउन जरुरी रहेकोमा जोड दिए । प्रदेश सरकारले उच्चशिक्षा हासिल गरेपछि युवालाई स्वरोजगारीमा कसरी जोड्न सकिन्छ भन्ने विषयमा योजना बनाइरहेको उनले बताएका छन् ।

प्रदेशका युवालाई साथमा लिएर समृद्धिको अभियानलाई सार्थक बनाउन लागिपर्ने प्रतिबद्धता मन्त्री महर्जनले व्यक्त गरे । मन्त्री महर्जनले देशलाई आर्थिकरुपमा सबल बनाउनुका साथै रोजगारीको अवसर प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीको भूमिका प्रशंसनीय रहेको धारणा राखे । आर्थिक कारणले थला परेका उद्योगी व्यवसायीका लागि पनि प्रदेश सरकारले छलफल गरेर आवश्यक नीति तयार पार्ने उनले आश्वासन दिएका छन् । प्रदेश सरकारले आइटी क्षेत्रमा काम गर्ने जनशक्तिका लागि जब ग्यारेन्टी क्षमता विकास तालिम प्रदान गर्ने तयारी गरेको मन्त्री महर्जनले जानकारी दिए ।



हेटौंडा उपमहानगर पालिकाको समेत सहकार्य रहेको महोत्सवमा राष्ट्रिय तथा बहुर्राष्ट्रिय गरी ४० भन्दा बढी कम्पनीको सहभागिता रहेको छ । एक हजार भन्दा बढी युवाले अनलाइनमार्फत् महोत्सवमा सहभागी हुनका लागि आवेदन दिएका थिए । रोजगार महोत्सवबाट कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थी र रोजगारीको खोजीमा रहेका युवा लाभान्वित हुने अपेक्षा गरिएको छ । महोत्सवमा अन द स्पट रोजगारीका साथै व्यवसाय गर्न चाहने युवाका लागि क्यारियर मार्गदर्शन, व्यवसायिक अवसर, बजारीकरण तालिम, बैंक कर्जा प्रवाहको तयारी, उद्यमशीलता प्रवर्द्धन, व्यवसायिक तालिम कार्यशाला, आत्मविश्वास विकास, सीभी लेखन, अन्तर्वार्ता तयारीका सीपहरु र विषयगत अन्तरक्रियालगायत कार्यक्रम समावेश गरिएको मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्ज्वल चौंलागाईले बताएका छन् ।

उद्घाटन समारोहमा बागमती प्रदेश उद्योग वाणिज्य महासंघका अध्यक्ष दिलसुन्दर श्रेष्ठ, जिल्ला समन्य समितिका प्रमुख ललित घलान, हेटौंडा उपमहानगर पालिकाकी नगरप्रमुख मीनाकुमारी लामा, सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रप्रसाद कँडेललगायतले मन्तव्य राखेका थिए । अधिकांश वक्ताले बढ्दो युवा पलायन रोक्न स्वदेशमै रोजगारी सृजना हुनुपर्नेमा जोड दिएका थिए । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# बाली उपचार शिविर सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ मकवानपुर थाहा नगरपालिका-१० टौखेलमा एकदिने बाली उपचार शिविर भएको छ । बालीसंरक्षण प्रयोगशाला ललितपुरको आयोजना तथा वडा कार्यालयको समन्वयमा शिविर भएको हो ।

शिविरमा स्थानीय किसानको बालीमा लागेको रोगकीराको परीक्षण गरिएको थियो । रोग लागेको विरुवा शिविरमा राखिएको प्रयोगशालामा परीक्षण लागि किसानले लगेका थिए । किसानको खेतबारीमा रोपेको बालीको नमूना परीक्षणमा ल्याउनको लागि थाहा नगरपालिका-९ र १० की कृषिप्राविधिक कमला सुवेदीले सहजीकरण गरेकी थिइन् ।

शिविरमा किसानले ल्याएका रोगी बालीको नमूना बालीसंरक्षण प्रयोगशाला अधिकृत सरिता सापकोटा, कृषि प्राविधिक दीपेन्द्रप्रसाद कुशवाह, सुमना राई तथा थाहा नगरपालिकार्की कृषि प्राविधिक सुवेदीले परीक्षण गरेका थिए ।

शिविरमा गोलभेंडा, भेंडेखुर्सानी, भण्टालगायतको बालीमा लागेको रोगकीराको परीक्षण गरिएको थियो । शिविर किसानको आवश्यकतामा आधारित भएको बताइएको छ । यसरी प्रयोगशाला मार्फत रोगकीराको विषयमा जानकारी पाउँदा बालीउपचार तथा कीरा नियन्त्रणमा सहयोग पुगेको किसानले प्रतिक्रिया दिएका थिए । शिविरमा आएका किसानलाई बाली उपचारमा प्रयोग हुने केही ढुसीनाशक, कीरानाशक तथा टुटा नियन्त्रणका विषादि तथा सामग्री पनि वितरण गरिएको थियो । थाहा नगरपालिका १० नम्बर वडा कार्यालयमा भएको शिविरमा वडाध्यक्ष हीराबहादुर गमाल, वडासदस्यहरु बिनोद बस्नेत, उत्तम गोपाली, भक्ती परियार तथा शर्मिला बस्नेलगायतको उपस्थिति रहेको थियो ।

# जनकल्याण सहकारीद्वारा अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ हेटौंडा-६ चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाद्वारा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको छ ।

संस्थाको चालू आर्थिक वर्ष ०८१/८२ को स्वीकृत कार्यक्रमअनुसार अन्तरक्रियाको आयोजना गरिएको हो ।

संस्थाले आर्थिक वर्ष २०८२/८३ मा गरिने विभिन्न कार्यक्रमको बारेमा कोषाध्यक्ष चेतनाथ खतिवडाले जानकारी गराएका थिए । संस्थाले आर्थिक वर्ष २०८२/८३ मा संस्थागत विकास, महिला सचेतना तथा आर्थिक उपार्जन, सहकारी शिक्षा, ज्येष्ठनागरिक, सदस्यको आर्थिक उपार्जन, बचत संकलन तथा कर्जा लगानी, बालबालिकालक्षित कार्यक्रम गरिने बताइएको छ ।

कार्यक्रममा संस्थापक अध्यक्ष बासुदेव अधिकारी, पूर्वअध्यक्ष रघुप्रसाद आचार्य, शिक्षाविद् रमेशप्रसाद लामिछाने, शेयरसदस्य तारानाथ दाहाल, जनार्दन पौडेललगायतले संस्थाले आगामी आवमा गर्नुपर्ने विभिन्न कार्यको बारेमा सुझाव पेश गरेका थिए । संस्थाका अध्यक्ष हिमाल पौडेलको सभाध्धयक्षतामा भएको कार्यक्रममा सञ्चालक समिति, लेखासमिति, सल्लाहकार, विभिन्न उपसमिति, कर्मचारी, शेयरसदस्य, सञ्चार कर्मीलगायतको सहभागिता थियो ।

२०५३ सालमा स्थापित यस सहकारी संस्थामा ३ हजार शेयर सदस्य रहेका छन् । संस्थाको शेयर पूँजी २ करोड ७० लाख रुपैयाँ, बचत २६ करोड ५९ लाख रुपैयाँ र कर्जा लगानी २० करोड १७ लाख रुपैयाँ रहेको व्यवस्थापक दीपेन्द्र गौतमले बताए ।

# शिक्षकको आवधिक बढुवा, एसईई प्रदेशबाटै सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/अब माध्यमिक शिक्षा परीक्षा (एसईई) प्रदेस्तरबाटै सञ्चालन हुने भएको छ । शनिवार सिंहदरबमा बसेको प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको बैठकले विद्यालय शिक्षा विधेयकमा एसईई यथावत राख्दै प्रदेशस्तरबाट सञ्चालन गर्ने सहमति जुटाएको हो ।

संसदीय उपसमितिले विद्यालय शिक्षा विधेयकमा माध्यमिक शिक्षा परीक्षा नराख्नेगरी प्रतिवेदन बुझाएको भएपनि शनिवारको समितिको बैठकले यस्तो सहमति जुटाएको हो । सरकारको तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री र घुजी पन्तले सरकारको तर्फबाट यस्तो प्रश्ताव अघि सारेका थिए । मन्त्री पन्तले कुनैपनि तहले कुनै न कुनै परीक्षा लिइरहेकै कारण संविधानको भावनाअनुरुप एसईई सञ्चालनको जिम्मेवारी प्रदेश सरकारलाई सुम्पिनु पर्ने प्रश्ताव राखेका थिए ।



उनले विद्यालय शिक्षाको गुणस्तर उकास्नका लागि पनि एसईई परीक्षा प्रदेशस्तरलाई सञ्चालनको जिम्मेवारी दिनुपर्ने बताएका छन् । विधेयक पारित भएपछि एसईई परीक्षा राष्ट्रिय परीक्षा बोर्डको समन्वयमा प्रदेश सरकारको जिम्मेवारीमा सञ्चालन हुने व्यवस्था लागू गर्ने सहमित भएको हो । शनिवारको समितिको बैठकले जिल्लामा शिक्षा समन्वय इकाई राख्ने पनि सहमति गरेको छ ।

संविधानको मर्मविपरित नजानेगरी जिल्लामा शिक्षा समन्वय ईकाइ राख्ने समिति सभापति अम्मर बहदुर थापाले राखेको प्रश्तावमा सांसदहरुले टेबल बजाएर सहमति जनाए । विद्यालय शिक्षा विधेयकलाई समितिले पारित गरेपछि संसदमा पठाउनेछ । संसदबाट पारित भएपछि सहमति भएको व्यवस्थाहरु कार्यान्वयनमा जानेछन् । विधेयकलाई अन्तिम रुप दिनेगरी समितिको अर्को बैठक आइतवारका लागि बोलाइएको छ ।

प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिले शिक्षकको आवधिक बढुवासम्बन्धी प्रस्तावमा सहमति जनाएको छ । शनिबार बसेको समितिको बैठकमा तृतीय श्रेणीको पदमा १० वर्ष र द्वितीय श्रेणीको पदमा १२ वर्ष सेवाअवधि पूरा गरेका शिक्षकलाई आवधिक बढुवाका लागि योग्य ठहर गरिने निर्णयमा सहमति जुटेको हो । बैठकमा प्रस्तावमाथि सदस्यले आआफ्नो धारणा राखेका थिए । छलफलपछि समितिका सदस्यले प्रस्ताव पारित गर्न सर्वसम्मत सहमति जनाएका थिए ।

# एसईई नतिजा सुधार, ४६.८६ प्रतिशत विद्यार्थी ग्रेडेड

साझाकुरा संवाददाता

हेटौंडा, १४ असार/ मकवानपुर जिल्लाको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा गत वर्षको तुलनामा सुधारोन्मुख देखिएको छ ।

यसवर्ष ४६ दशमलब ८६ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्, जुन गतवर्षको तुलनामा १० दशमलव ३९ प्रतिशतले बढी हो । गतवर्ष ३६ दशमलव ४७ प्रतिशत ग्रेडेड भएका थिए । यद्यपि, मकवानपुरको नतिजा राष्ट्रिय नतिजा भन्दा कमजोर रहेको छ । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका अनुसार यसवर्ष एसईईमा ५ हजार ८ सय ८७ जना विद्यार्थी सहभागी भएका थिए । जसमध्ये २ हजार ७ सय ५९ जना ग्रेडिङमा परेका छन् ।

३ हजार १ सय २८ जना विद्यार्थी ननग्रेडेड सूचीमा छन् । यसवर्ष जिल्लामा ४ जीपीए ल्याउने विद्यार्थीको संख्यामा पनि वृद्धि भएको छ । गतवर्ष एक जना विद्यार्थीले मात्रै ४ जीपीए ल्याएका थिए भने यस वर्ष ५ जना विद्यार्थीले ४ जीपीए ल्याएका छन् । ४ जीपीए ल्याउने विद्यार्थीमा हेटौंडा-४ स्थित नवोदय शिशुसदनका विमर्श श्रेष्ठ र अनुषा उप्रेती, हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकी अनुप्रस्था देवकोटा, हेटौंडा-५ स्थित बालज्योति माविकी अस्मिता घिमिरे र हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीका सचिनकुमार यादव रहेका छन् ।

यसवर्षको एसईईमा ३ दशमलव ६ देखि ४ जीपीए ल्याउने विद्यार्थीको संख्या ३ सय ७८, ३ दशमलव २ जीपीएदेखि ३ दशमलव ६ जीपीए ल्याउने ८ सय २ विद्यार्थी रहेका छन् । यस्तै, २ दशमलव ८ जीपीएदेखि ३ दशमलव २ जीपीए ल्याउने ९ सय ८१ जना रहेका छन् । २ दशमलव ४ जीपीएदेखि २ दशमलव ८ जीपीए ल्याउने ५ सय ३९ र २ जीपीएदेखि २ दशमलव ४ जीपीए ल्याउने ५४ जना विद्यार्थी रहेको इकाईले सार्वजनिक गरेको छ ।

# नाम जुन नेताको राखेपनि काम...

जति धेरै अनुभव बटुल्यो त्यति नै कार्यक्षमतामा निखार आउने उनको बुझाई छ । मुख्यमन्त्री लामाले लोकसेवामा बागमती नतिजा कमजोर भएकोमा असन्तुष्टि व्यक्त गरेका छन् । सुदुरपशिचम प्रदेशको नतिजा उत्कृष्ट हुने तर, संघीय राजधानी समेत भएको बागमतीको नतिजा भने कमजोर भएको उनको भनाई छ ।

त्यसैगरी प्रतिष्ठानका संस्थापक कुलपति एवम् प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले संघीयताको मर्मलाई बुझ्न नसक्नेहरुले प्रतिष्ठान र हेटौंडा अस्पतालको बीचमा विवाद सिर्जना गरेको बताए । संघीयतापछि सम्पूर्ण जिल्ला अस्पताल प्रादेशिक अस्पतालमा रुपान्तरण भएको उनको धारणा छ । प्रथम मुख्यमन्त्री पौडेलले विगतमा प्रतिष्ठानले विभिन्न मुद्दामामिला झेल्दै अहिलेको अवस्थामा आइपुगेको बताए । 'देशभरि नै प्रतिष्ठानको बारे नकारात्मक सन्देश जाँदा गतवर्ष नै पाउनुपर्ने एमबिबिएसको प्रोग्राम एकवर्ष ढिलो हुन गयो' उनले भने ।

वर्तमान समस्या प्रतिष्ठान विवादमुक्त भएको बताउँदै उनले कसैले पनि प्रतिष्ठानको बारेमा द्विविधा नपाल्न आग्रह गरेका छन् । प्रतिष्ठानले एउटा गति लिइसकेको र त्यो अन्तिम गन्तव्यमा नपुगेसम्म नरोकिने उनको भनाई छ । १० वर्ष अगाडि ड्राइभर, खलासीको सहर भनेर चिनिने हेटौंडा अहिले शिक्षा र स्वास्थ्यको हब भएको उनले दाबी गरे । निकट भविष्यमै प्रतिष्ठानलाई मदन भण्डारी स्वास्थ्य विज्ञान विश्वविद्यालयमा रुपान्तरण गर्ने विषयमा छलफल भइरहेको उनले बताए ।

उनले प्रतिष्ठानमा विश्वास राखेर पढ्न आउने विद्यार्थीले मदन भण्डारीको इज्जत राख्नेगरी पढ्न र प्राध्यापकले पनि त्यसैगरी प्रध्यापन गराउनुपर्नेमा जोड दिए । हेटौंडामै विशिष्ट स्वास्थ्यसेवाहरु सञ्चालन गर्नुपर्छ भनेर आफ्नो नेतृत्वको सरकारले प्रतिष्ठानको अवधारणा ल्याएको उनले बताए । समारोहमा श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले प्रतिष्ठान, विश्वविद्यालयले प्रदेशको औचित्यलाई पुष्टि गर्ने गरेको बताए । प्रदेशको स्वास्थ्यमन्त्री किरण थापाको अनुपस्थितिमा मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका मन्त्री महर्जनले प्रतिष्ठानलाई व्यवस्थित गर्न ऐन, कानुनलाई संशोधन गरिएको उल्लेख गरे ।

भुगोलको हिसाबले पनि हेटौंडा उपयुक्त ठाउँ भएकोले हेटौंडालाई मेडिकल सिटीको रुपमा अगाडि बढाउनुपर्नेमा उनको जोड थियो । मन्त्री महर्जनले प्रतिष्ठानले नेपाली युवालाई मात्र नभई अन्य देशका युवालाई समेत आकर्षिक गरी विदेशीमुद्रा आर्जन गर्नसक्ने क्षमता राख्नुपर्ने बताएका छन् ।

कार्यक्रममा उपकुलपति प्रा.डा. प्रदीप ज्ञवालीले प्रतिष्ठानले गरेका गतिविधिबारे प्रस्तुतीकरण राखेको थिए । प्रतिष्ठानले यसबर्षदेखि ८ सिट प्राप्त गरी स्नातकोत्तर तहका विभिन्न ७ वटा शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको कुलपति प्रा.डा. ज्ञवालीले जानकारी दिएका छन् ।

एमडी र एमएसतर्फका नवआगुन्तक ८ जना विद्यार्थीलाई स्वागत गरिएको थियो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, प्रतिष्ठानका संस्थापक उपकुलपति विश्वराज जोशी, हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, पूर्वनगरप्रमुख हरिबहादुर महतलगायत विभिन्न राजनीतिक दलका प्रतिनिधिको उपस्थिति रहेको थियो । २०७६ असोज २ गते स्थापना भएको प्रतिष्ठानमा हाल ३ सय ६६ जना विद्यार्थी अध्ययनरत् छन् ।

## अनलाइनको दर्ता खारेज सम्बन्धि सूचना !

*प्रथम पटक प्रकाशित मिति: २०८२/०३/१५*

"सूचना तथा प्रशारण विभागमा दर्ता नं. ४३८०–२०८०/२०८१ मिति २०८०/१०/२८ मा दर्ता रहेको तितो सत्य मिडिया प्रा.लि.द्धारा सञ्चालित www.titosatye.com नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइनसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८२/३/१४ देखि २०८२/३/२८ (१५ दिन) भित्र यस कम्पनीको ठेगाना चन्द्रपुर-४, रौतहट, मधेश, नेपाल, सञ्चालकको मोवाइल नम्बर ९८४५५१०८०० वा email: titosatye@5808@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमा उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडि बढाइने ब्यहोरा अनुरोध छ ।"

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर

☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना